# प्रेस विज्ञप्ती

रसुवा जिल्लाको टिमुरे गा.वि.स.मा एक सुख्खा बन्दरगाह निर्माण गर्ने विषयमा चीन सरकार र वाणिज्य तथा आपूर्ति मन्त्रालय वीच १६ अक्टोबर २०१४ मा MOU तथा अर्थ मन्त्रालयसंग १० अप्रिल २०१५ मा पत्र आदान प्रदान (Letter of Exchange) भइ सकेको छ । उक्त LOE मा करिब ६९०० व.मि. को भवन क्षेत्र निर्माण गर्ने भनि उल्लेख भएको थियो । सोही MOU तथा LOE का आधारमा हाल उक्त सुख्खा बन्दरगाहको लागि विस्तृत डिजाइन सम्झौता सम्पन्न भयो । १५ नोभेम्बर २०१५ देखी नेपाल भ्रमणमा रहेको चीनिया विशेषज्ञ टोलीले नेपाल इन्टरमोडल यातायात विकास समितिको संलग्नतामा प्रस्तावित सुख्खा बन्दरगाहको स्थलगत सर्भे गरी करिब ५ हेक्टर क्षेत्रफलमा फैलने सुख्खा बन्दरगाहको प्रारम्भिक डिजाइन नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय समक्ष पेश गरेको छ । चीन सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा निर्माण हुन लागेको सो सुख्खा बन्दरगाहमा करिव ५००० व.मि. क्षेत्रफलमा फैलिएको ५ तल्ले प्रशासनिक तथा आवास भवन, करीव ३५० वटा ट्रक पार्किंग गर्न सकिने पार्किंग क्षेत्र, ७५० व.मि. क्षेत्रफलको गोदाम भवन, कूल २०८० व.मि. क्षेत्रफल भएको दुई वटा मालसामान जांच पास गर्ने खुला टहरा (Appraisal Shed), चेकपोष्ट, अग्नि नियन्त्रक प्रणाली, विद्युत, पानी लगायतका अन्य भौतिक तथा आवश्यकीय संरचनाहरु प्रारम्भिक रुपमा डिजाइनमा संलग्न गरिएको छ । प्रस्तुत सम्झौता बमोजिम चीनिया पक्षले विस्तृत डिजाइन सम्बन्धी कार्य ३ महिनामा सम्पन्न गर्नेछ । सम्झौतामा चीनिया पक्षले विस्तृत डिजाइन नेपाली पक्षलाई पेश गरे पश्चात् तत्काल निर्माण कार्य शुरु हुने उल्लेख छ ।

उक्त डिजाइन सम्झौतामा नेपाल सरकारका तर्फबाट नेपालमा सुख्खा बन्दरगाह सम्वन्धी सम्पूर्ण गतिविधि हेर्ने वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गत रहेको नेपाल इन्टरमोडल यातायात विकास समितिका कार्यकारी निर्देशक श्री लक्ष्मण बहादुर बस्नेत र चीन सरकारको तर्फबाट The Architectural Reconnaissance and Design Institute of Tibet Autonomous Region कम्पनीका अध्यक्ष Mr. Fu Zhenghao ले हस्ताक्षर गर्नु भएको छ ।

स्थान : नेपाल इन्टरमोडल यातायात विकास समिति, काठमाडौं ।

मिति २०७२।०८।१८

समय: दिनको ११ बजे

Government of Nepal
Ministry of Commerce and Supplies
Nepal Intermodel Transport
Development Board
2054